# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ ३० गते २०३७ साल

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी खण्ड २८, संख्या १८, मिति २०३५।४।३० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित गुण्टा झिटीसम्बन्धी आदेशमा निम्नबमोजिम संशोधन गरेको छ।

१. नेपाल राजपत्र खण्ड २८, संख्या १८, मिति २०३५।४।३० को आदेश (यसपछि मूल आदेश भनिएको) को दफा १ मा संशोधनः मूल आदेशको दफा १ पछि देहायको दफा १ (क) थप गरिएको छः–

१(क) जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतबाट नेपाल अधिराज्यमा आउने यात्रुहरूको लागिः–

१. मूल आदेशको दफा १ को उपदफा (१) देखि (४) सम्म उल्लेख भएका सामानहरू

२. कोईचिन कपडा– ५ गज

३. सूती कपडा (कटराईज समेत)– १० गज

४. मखमल कपडा– ५ गज



308

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ५. | तौलिया रूमाल– | २ गोटा |
| ६. | सिल्क कपडा– | ५ गज |
| ७. | पाकेट रूमाल– | ३ गोटा |
| ८. | तकियाको खोल– | २ गोटा |
| ९. | ऊनी ब्लाङ्केट– | १ गोटा |
| १०. | बेबी ब्लाङ्केट (सूती)– | १ गोटा |
| ११. | सूती तन्ना– | २ गोटा |
| १२. | भोटे बख्खु– | ३ गोटा |
| १३. | सूती ट्राउजर– | ३ गोटा |
| १४. | सिरक– | १ गोटा |
| १५. | पाङ्दे | २ गोटा |
| १६. | ऊन– | ३ के.जी. |
| १७. | ऊनी धागो– | १ पाउण्ड |
| १८. | ऊनी गलैंचा– | १ गोटा |
| १९. | प्लाष्टिकको झोला– | ३ गोटा |
| २०. | प्लाष्टिकको तन्ना– | १ गोटा |
| २१. | प्लाष्टिक च्याले– | ४ गोटा |
| २२. | प्लाष्टिकको भाँडाकुँडा– | ५ गोटा |
| २३. | प्लाष्टिकको जुत्ता (चप्पलसमेत)– | २ जोर |
| २४. | जुत्ता– | ३ जोर |
| २५. | पेन ब्याग– | २ गोटा |
| २६. | भोटे चिया– | १ के.जी. |
| २७. | थर्मस– | १ [illegible] |
| २८. | चिनियाँ माटाको भाँडा– | ४ गोटा |
| २९. | काठको फुरूं– | ३ गोटा |
| ३०. | चम्मर– | १ गोटा |
| ३१. | भेडा बाखाको छाला– | १ थान |
| ३२. | ताम्चीनको भाँडा– | ४ गोटा |
| ३३. | हाते लुगा सिउने मेशीन– | १ गोटा |
| ३४. | ईस्त्री– | १ गोटा |
| ३५. | माउथ हारमोनियम– | १ गोटा |
| ३६. | औषधी रू.– | १००।– सम्मको |

390

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ३७. | ताल्चा– | २ गोटा |
| ३८. | नेलकटर– | १ गोटा |
| ३९. | काङ्गियो– | २ गोटा |
| ४०. | क्रिम– | २ वटा |
| ४१. | छुर्पी– | १ के.जी. |
| ४२. | पीठो– | ४ पाथी |
| ४३. | बकुला– | २ पाथी |
| ४४. | मूगा (शरीरमा लगाएको)– | १० तोला |
| ४५. | चाँदीको भाँडाकुँडा– | १५० तोलासम्मको |
| ४६. | चुरोट– | २०० खिल्लीसम्म |
| ४८. | मदिरा– | (६५ लिटर) १ बोतलको बिर्को खोली |
| ४८. | खेलौना– | रू. १००।– सम्म |
| ४९. | घिउ– | ५ किलोग्राम |
| ५०. | फलफूल सुखा ताजा वा प्याक गरेको– | रू. १००।– सम्म |
| ५१. | सुनको गहना (शरीरमा एकसरो लगाएको) | १० तोलासम्म |
| ५२. | अन्य तयारी कपडा– | ३ जोर |

२. मूल आदेशको दफा ४ मा संशोधनः मूल आदेशमा उल्लिखित "पासपोर्ट लिई विदेशबाट (भारत बाहेक) आउने नेपाली यात्रुहरूको लागि दफा १ मा उल्लेख भएको अतिरिक्त देहायबमोजिम सुविधा दिइनेछ" भन्ने वाक्यांशको सट्टा देहायको वाक्यांश राखिएको छः–

> "पासपोर्ट लिई विदेशबाट (भारत बाहेक) आउने नेपाली यात्रुहरूको लागि दफा १ र जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतबाट नेपाल आउने नेपाली यात्रुको लागि दफा १ क. मा उल्लेख भएको अतिरिक्त देहाय-बमोजिमको सुविधा दिइनेछ।"

आज्ञाले–
गोरक्षबहादुर न्हुछे प्रधान
श्री ५ को सरकारको सचिव

399

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

392

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।